५६३

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आषाढ ४ गते २०१० साल [अतिरिक्ताङ्क

# शाही घोषणा

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविधविरुदावलिविराजमानमानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट, अतुलज्योतिर्मय त्रिशक्तिपट्ट, अतिप्रबल गोरखादक्षिणबाहु, महाधिपति फिल्ड मार्शल र सर्वोच्च याण्डर इन—चीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज त्रिभुवनवीरविक्रम जङ्गबहादुर शाह बहादुरशमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् —

मेरा प्यारा प्रजाहरू,

१. देशको आजको परिस्थिति कसैबाट छिपेको छैन। हाम्रो मुलुकको सभा प्रजातान्त्रिकरूपले विकास हुँदै जाओस् भन्ने हाम्रो अभ्यन्तरको अभिलाषा हो, एवं त्यसका लागी हामीबाट भएको प्रयास पनि तपाइँहरूबाट छिपेको छैन। देशको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकाशका लागी राजा प्रजा दुवैको पारस्परिक सहयोग र विश्वासको आवश्यकता रहन्छ। १०५ वर्षसम्मको एकनासको शासनपद्धतिबाट देश अगाडि बढ्न नसक्ने प्रजाहरूको भावना बुझी प्रजातान्त्रिक प्रणालितीर लैजान हाम्रो इच्छा भएकोले २००७ साल फाल्गुन ११ गतेका दिन अन्तरीम शासन विधानद्वारा शासनमा परिवर्तन गरी जनताका प्रतिनिधिहरूसमेतको मन्त्रिमण्डल गरिएको हो। त्यसपछि पटक पटक मन्त्रिमण्डलमा हेरफेर भएपछि पहिल्लो मन्त्रिमण्डलले राजीनामा दिएको र त्यसबेला परिस्थिति हेरी परामर्शदाताहरू लिएर अहिलेसम्मको शासन चलिआएको हो र परिस्थिति अनुकूल हुनासाथ सो व्यवस्था तोडी मन्त्रिमण्डल गठन गर्ने हाम्रो विचार बराबर तपाइँहरूमा प्रकट गरेको हुँ। एवं त्यस दिशातिर हामील गरिरहेको चेष्टा र प्रयास पनि तपाइँहरूलाई थाहा नै भएको कुरा हो। यस दिशामा प्रजातान्त्रिक र राष्ट्रिय तत्वबाट गठित भएका विभिन्न राजनैतिका दलहरूका नेताहरूसित पनि हामीले कुरा गरी सबैले मिली परामर्श गरी एउटा निर्णयमा आइदिए हाम्रो काम हलुका हुनजाला भनी अनुरोध गरेको हुँ। तर खेदको कुरा छ, धेरै प्रकारका प्रस्ताव र पद्धितिहरूको छलफल मात्र भो, कुनै नतिजा निस्कन सकेन। साधारण निर्वाचन नभएसम्म कुन दल ठूलो ? कुन दल सानो ? छुट्याउन गाहारैछ र सबै दलले आफूलाई नै ठूलो ठहराई सोहीअनुसार सँग भाग राख्ता हाम्रो कठिनाई सपठेरोतिर जानुभन्दा अपठ्यारोतिर घचेटिएको छ। राजनैतिकहरूले आफ्नो दलगत र व्यक्तिगत दृष्टिकोणलाई छोडेर राष्ट्रगत दृष्टिकोण राखिदिएको भए यो समस्या धेरै अगाडिनै हल भई टुंगिइसक्ने थियो र हाम्रो बोझ—जसलाई आफ्नो रुची र स्वास्थ्यका विपरीत हामीले बोकिराख्नु परेको छ. हलुंगिने थियो। तर हामीलाई खेद छ, त्यस्तो विचार सबैबाट भइदिएन।

२. अतः यता देश र हाम्रो शारीरिक अवस्थाले पनि हल ननिकाली नभएको र मन्त्रिमण्डल गठित गर्नु नै परेको छ। हाम्रा परामर्शदाताहरू,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जसले अहिलेसम्म हामीलाई मद्दत दिएका छन् , उनीहरूलाई यो मौकामा धन्यवाद नदिई रहन सक्तिन। देशवासीहरूको भावनालाई बुझी निजहरूको कार्यभार समाप्त गरी अरू कुनै अर्को उपाय अहिले सम्भव हुन नआएकोले भूतपूर्व प्रधानमन्त्री श्रीमातृकाप्रसाद कोइरालालाई फेरि मन्त्रिमण्डल गठन गर्ने भारा दिई प्रधानमन्त्रीमा नियुक्ति गरेको छु। निजद्वारा अरू विभिन्न राजनैतिक दलहरूका र स्वतन्त्र व्यक्तिहरूसित पनि कुराकानी चलिरहेकोले निजहरूमध्ये पनि सामेल हुन आएमा अवसर पाउने गरी हाललाई तपसीलका मन्त्रिहरूको नियुक्ति गरेको छु।

१. श्रीमाननीय मातृकाप्रसाद.
२. मे. ज. महावीरशमशेर.
३. नारदमुनि.
४. त्रिपुरवरसिंह.
५. सूर्यनाथ दास यादव.

३. सो मन्त्रिमण्डलमा पछिको अवस्था हेरी थपघट गर्ने वा विभाग र कार्यभार-को हेरफेर गर्नुपर्ने भएमा सो पनि हाम्रो आज्ञा ली प्रधानमन्त्रीले गर्न पाउनेछन्। एवं हामीलाई आशा छ,—अरू विभिन्न राजनैतिक दलका र स्वतन्त्र योग्य व्यक्तिहरू, जो सामेल हुन सकेका छैनन्—उनीहरूबाट पनि राष्ट्हितको ध्यान राखी सहयोग प्राप्त हुनेछ।

४ हामीलाई विश्वास छ--देशको आजको गम्भीर परिस्थितिमा नयाँ मन्त्रिमण्ड-लले दरिलो र भरपर्दो किसिमबाट काम गरी देशलाई निर्माणका दिशातिर लजानेछ। देशलाई निर्माण मात्र होइन; प्रजातान्त्रिक बाटोतिर लैजाने पनि-यस मन्त्रिमण्डलको ठूलो जिम्मेदारी रहनेछ। निर्वाचन नभै स्थायी

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रूपबाट देशमा प्रजातान्त्रिक प्रणालीको जग नबस्ने हुँदा जति सक्यो चाँडो विधानपरिषद्को चुनाव गराउन सक्नु यस मन्त्रिमण्डलको प्राथमिक जिम्मेदारी हुनेछ ।

५. कुनै पनि सरकार विशेष गरी प्रजातान्त्रिक सरकार जनताको सदिच्छा र सहयोगविना चल्न सक्तैन । हाम्रो देशको आयस्ता, शक्ति र उपलब्ध सामग्रीको सीमालाई ध्यानमा राखी सरकारलाई काम गर्ने उचित मौका मात्र होइन, सहयोग पनि दिने जनताको कर्तव्य हो । कामै गर्न नदिई अत्तो लाउनु काम गर्न नदिने व्यवहार हो । प्रजातान्त्रिक सरकार जनताका लागी नै हो र जनताले पनि सो बुझेको छ भन्ने हाम्रो दृढ धारणा छ ।

६. माथि बताएका नयाँ बन्दोबस्तबमोजिम संवत २००६ साल भाद्र १ गते लालमोहर सदर भएको "विशेष परिस्थिति अधिकार ऐन" खारेज गरिएको छ । विशेष परिस्थिति अधिकार ऐनद्वारा स्थगित भएको २००७ सालको नेपाल सरकार अन्तरीम शासन विधानको भाग ३ को परिच्छेद एक र दुइ फेरि लागु गरिएको छ। संवत् २००६ साल भाद्र २८ गते लालमोहर सदर भएको—सल्लाहकार सभा विघटन ऐनलाई पनि खारेज गरी "नेपाल सरकार अन्तरीम शासन विधान दोस्रो संसोधन ऐन २००६ " लाई पनि फेरि लागू गरिएको छ । यो खारेज भएबाट सल्लहकार सभाको गठन सम्भव हुनेछ । परामर्शदातृ—मण्डलको शासनकालमा हाम्रो स्वीकृति र अख्तियारद्वारा सदर भएको ऐन सवाल आदेश निर्देश नियमहरू सबै ऐन सवाल विधानको रीतपूर्वक संशोधन फेर बदल वा खारेज नभएसम्म पूर्ण-तया लागू नै रहनेछ । त्यस्ता ऐन सवाल नियम आदेश निर्देशहरू सबैमा जहाँजहाँ 'परामर्शदाता' भन्ने शब्द लेखिएको छ, त्यस्ता सबै ठाउँमा मन्त्री

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्ने शब्द र जहाँजहाँ 'परामर्शदाताहरूको सभा' भन्ने शब्दहरू भएको, रहेको, परेको वा लेखिएको छ, सो शब्दहरूको सट्टा 'मन्त्रिमण्डल' भन्ने शब्द रहेको भएको वा लेखिएको झैं मानिनेछ।

७. सरकारबाटतयार भएको नीति र योजनाहरूलाई कार्यान्वित गराउनमा सरकारी कर्मचारीहरूको पनि कम महत्व छैन। तर तिनीहरूले काम गर्दा राजनैतिक भावना र दलगत राजनीतिबाट प्रभावित हुन हुन्न, तिनीहरूको कर्तव्य कायम रहेका सरकारको इच्छामुताबिक स्वीकृत गरिएका नीति र कार्यक्रमलाई कार्यान्वित गराउने हो। हामीलाई विश्वास छ हाम्रा सरकारी पदाधिकारीहरूलाई आफ्नो यस कर्तव्यको ज्ञान छ, एवं जुनसुकै सरकार आए गए तापनि यस कर्तव्यलाई पालन गर्नेछन्।

८. अन्त्यमा नवगठित सरकारलाई जंगी र निजामती कर्मचारीहरूबाट देशलाई अगाडी बढाउन अकुण्ठित सहयोग दिउन् भन्ने हाम्रो हार्दिक इच्छा छ।

जय नेपाल !

नारायणहिटीदरबार,
मिति २०१० साल आषाढ २ गते रोज २ शुभम्।

आज्ञाले,
तिलकशमशेर,
सेक्रेटरी,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

२८७
मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६८

मुद्रण विभाग, सिंहदरबार

(५६०१)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।